## मिति २०८० जेठ २८ गते आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको

## अठारौं बैठकको निर्णयहरु

__निर्णय नं. १ः-__ (क) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी एकीकृत रुपमा तयार गरिएको "मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८०" स्वीकृत गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सरोकारवाला निकायहरुलाई लेखी पठाउने ।

(ख) उल्लिखित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८० कार्यान्वयन तहमा प्रभावकारी समन्वय र सहकार्य गर्न गृह मन्त्रालयको विपद व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा संचार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, तीनवटै सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, जलस्रोत तथा सिंचाई विभागका प्रतिनिधिहरू समेत रहने गरी मनसुन अवधिभरका लागि मनसुन प्रतिकार्य कमाण्ड टोली खटाउने ।

__निर्णय नं. २ः-__ बहुप्रकोपीय जोखिम आँकलन विधि तथा कार्ययोजना तयार गर्न विभिन्न सरोकारवाला निकाय संलग्न देहायका सदस्यहरु रहेको कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| संयोजकः | जोखिम न्यूनीकरण तथा कार्यसंचालन महाशाखा सह-सचिव (प्रा.), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| प्रतिनिधिः | गृह मन्त्रालय |
| प्रतिनिधिः | सहरी विकास मन्त्रालय |
| प्रतिनिधिः | वन तथा वातावरण मन्त्रालय |
| प्रतिनिधिः | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| प्रतिनिधिः | उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय |
| प्रतिनिधिः | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| प्रतिनिधिः | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| प्रतिनिधिः | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| प्रतिनिधिः | राष्ट्रिय तथ्यांक कार्यालय |
| प्रतिनिधिः | जल तथा मौसम विज्ञान विभाग |
| प्रतिनिधिः | खानी तथा भू-गर्भ विभाग |
| सदस्य-सचिवः | सिनियर डिभिजनल हाइड्रोलोजिस्ट, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

कार्यदलले आवश्यकतानुसार विषय विज्ञ एवं सरोकारवाला अन्य निकायको राय परामर्श लिने वा कार्यदलको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

**निर्णय नं. ३:-** (क) मिति २०८०-०२-१९ मा जल तथा मौसम विज्ञान विभागले तातो हावाको लहर सम्बन्धी बुलेटिन प्रकाशन गरेपश्चात् आएको तातो हावाको लहरबाट उत्पन्न परिस्थितिका सम्बन्धमा प्रभावितहरुलाई सहयोग पुऱ्याउन तत्काल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्रदेश सरकार, स्थानीय तह तथा संघ-संस्थासँग आवश्यक समन्वय गरी तत्काल मानवीय सहायता परिचालन गर्ने/गराउने ।

(ख) तातो हावाको लहरको जोखिमबाट बच्न अपनाउनु पर्ने विधि तथा दिर्घकालीन योजना तथा मापदण्ड तर्जुमा गर्न देहाय बमोजिमको कार्यदल गठन गरी आगामी कार्यकारी समितिमा पेश गर्ने ।

| | |
|---|---|
| संयोजकः | नीति, योजना तथा अनुगमन महाशाखा, सह-सचिव (प्र.), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| प्रतिनिधिः | गृह मन्त्रालय |
| प्रतिनिधिः | जल तथा मौसम विज्ञान विभाग |
| प्रतिनिधिः | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| प्रतिनिधिः | राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद् |
| सदस्य-सचिवः | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण । |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं